Sealed Tender Form for the Supply of

**"Surgical & Laboratory Items"**

In

AMDA Nepal, Siddhartha Children and Women Hospital
Butwal-7, Rupandehi
(ID no.:744/SCWH/2082_83)

**"Technical & Financial Proposal"**

AMDA- Nepal,
Siddhartha Children and Women Hospital
Butwal-7, Rupandehi
Phone No.:071-502101, 502097
E-mail: scwh.butwal@amda.org.np URL: www.amda.org.np

## SUPPLIER'S PROFILE

Name of Company / Firm: ..........................................................................

Company/Firm Registration No.: ..........................................................................

Address: ..........................................................................

VAT/PAN No.: ..........................................................................

Validity/Expiry of VAT/Pan Certificate: ..........................................................

Phone No.: .......................................... Fax No.: ......................................

E-mail: ..........................................................................

Web site: ..........................................................................

Type of Transaction: Retailer/Stockiest/Supplier/Manufacturer
Others (Specify)..........................................................................

Mailing Address: ..........................................................................
..........................................................................
..........................................................................

I/We confirm the accuracy of the information given in the sealed quotation document and fully responsible to supply the items as cited under the following terms & condition.

Signature:

Stamp:

Name of Proprietor:

Date:

AMDA-Nepal
SIDDHARTHA CHILDREN & WOMEN HOSPITAL
BUTWAL-9, ESTD-1998

AMDA Nepal
Siddhartha Children and Women Hospital
Butwal-7, Rupandehi
Notice of sealed quotation/proposal invitation
(Notice No.: 744/SCWH/2082_83)

**Bidder's Qualification checklist**

| SN | Description | Enclosure | |
|---|---|---|---|
| | | Yes | No |
| **A** | **Mandatory** | | |
| 1 | Company/firm registration/renewal certificate | | |
| 2 | PAN/VAT registration certificate | | |
| 3 | Tax clearance certificate | | |
| 4 | Self declaration letter | | |
| 5 | Declaration of acceptance of terms and condition of bid document specified in detail notice, bidder's qualification bid form, technical bid form and financial bid form. | | |
| 6 | Signature of bidder's representative in each page of document and firm/company stamp | | |
| **B** | **Optional** | | |
| 1 | Nomination of bidder's representative (firm/company representative nomination letter) | | |
| 2 | Bidder's profile sheet/documents | | |
| 3 | Authorization letter | | |
| 4 | Other documents if any: | | |

Name of firm/company: ....................................................
Representative: ....................................................
Contact number: ....................................
Signature: ..............................
Firm/Company stamp:

AMDA-Nepal THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA FOUNDED 1994 BETTER QUALITY OF LIFE FOR BETTER FUTURE SIDDHARTHA CHILDREN & WOMEN HOSPITAL BUTWAL-9 ESTD

आम्दा-नेपाल
सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल

**शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना**

(सूचना नं. ७४४/२०८2_८३)

**(प्रथम पटक सूचना प्रकाशित मिति:२०८३/०२/०७)**

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको लागी आवश्यक परेका औषधिजन्य बस्तु (सर्जिकल तथा ल्याब सम्बन्धी सामाग्रीहरु) खरिद गर्ने प्रयोजनकालागि, यो सूचना (सूचना नं. ७४४/२०८२_८३) प्रकाशित गरिएकोले, सम्बन्धित निकायबाट ईजाजत प्राप्त, देहायका शर्तहरुको अधिनमा रही आपूर्ति गर्न ईच्छुक र योग्य आपूर्तिकर्ता व्यवसायी/कम्पनी/फर्महरुबाट, यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८३/०२/२१ गते दिउसो ४.०० बजे भित्र, आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र/दरभाउपत्र प्रस्ताव पेश गर्नुहुन आब्हान गरिएको छ । यस सूचनाको पूर्ण विवरणको लागि आम्दा नेपालको वेभसाइट www.amda.org.np मा हेर्न वा तलको ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शर्तहरु:**

1. ईच्छुक बोलपत्र/दरभाऊपत्र खरिद कर्ताले बोलपत्र/दरभाऊपत्र फारम खरिदका लागि तोकिएको शुल्क रु. ५,०००/-(अक्षेरुपी पाँच हजार मात्र), फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नवीकरण भएको ईजाजतपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्र र गत आ. ब. २०८१/८२ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निबेदन दिई आम्दा नेपाल, केन्द्रीय कार्यालय जोरपाटी-५ काठमाडौँ, आम्दा अस्पताल, दमक-२, झापा वा आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको कार्यालयबाट, बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम मितिको एक दिन अगाडी अर्थात् मिति २०८३/०२/२० गते दिनको ४:०० बजे सम्म खरिद गर्न सकिनेछ । खरिद गरिएको बोलपत्र/दरभाउपत्र फारामसंगै Excel worksheet को Soft Copy इमेल मार्फत उपलब्ध गराईने छ र दरभाउ फाराम भर्दा उक्त Excel worksheet को Soft Copy मा भरि प्रिन्ट निकालेर शिलबन्दी गरिएको हुनु पर्नेछ । निर्धारित मितिमा बोलपत्र/दरभाउपत्र खोलिसके पछी योग्य बोलपत्रहरुको मूल्यांकन गर्ने बेलामा उक्त Excel worksheet को Soft copy इमेल मार्फत माग गरिनेछ ।
2. बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, सम्पर्क टेलीफोन नम्बर, आफुले आपूर्ति गर्न चाहेको वस्तुको नाम र सूचना नम्बर प्रष्टसंग लेखि लाहा छाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।
3. बोलपत्र/दरभाऊपत्रको प्रस्ताव यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८२/०२/२१ गते दिनको ४:०० बजे भित्र आम्दा नेपाल ,सि.बा.म. अस्पतालको कार्यालय दीपनगर बुटवलमा पेश गरिसक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ ।
4. बोलपत्र / दरभाऊ पत्रको साथमा भ्याट समेत आफूले कबोल गरेको कुल रकमको २.५% ले हुन आउने बराबर रकम कम्तिमा ३ महिना सम्मका लागि मान्य हुने गरि आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको नाममा जारी भएको बिडवण्ड(बैंक ग्यारेण्टी ) संलग्न हुनु पर्नेछ । तोकिए बमोजिमको बैंक ग्यारेन्टी

AMDA-Nepal
THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA • FOUNDED 1984 • BETTER QUALITY OF LIFE FOR BETTER FUTURE
SIDDHARTHA CHILDREN & WOMEN HOSPITAL
BUTWAL-8 ESTD-1998

समाबेश नगरी बोलपत्र/दरभाऊ पत्र पेश गरेमा सम्बन्धित कम्पनी /फर्महरु लाई यस प्रक्रियामा समाबेश गरिने छैन / रद्ध भएको मानिने छ । दरभाऊ/बोलपत्रदाता छनोट भइ सूचना जारि भएको मितिले सात दिनभित्र भ्याट समेत स्वीकृत रकमको जम्मा ५ % का दरले हुन आउने रकम बराबरको एक बर्ष सम्मका लागि मान्य हुने गरि आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलको नाममा जारि भएको परफरमेन्स वण्ड (बैक ग्यारेण्टी) सहित आम्दा नेपाल सि.बा.म. अस्पतालसंग सम्झौता गरिसक्नु पर्नेछ । अन्यथा बिड वण्ड जफत हुनेछ ।

5. बोलपत्र/दरभाऊपत्र फारम भर्दा भ्याट सहितको जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ ।भ्याट नलाग्ने कुनै सरसामानमा भ्याट जोडिन पुगेको भए त्रुटि सुधारिने छ । अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सहीछाप गर्नु पर्नेछ । बोलपत्र/दरभाऊपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ । त्यसो नभएको पाईएमा बोलपत्र फारम रद्ध गर्न सकिनेछ । नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने भ्याट बाहेकका अरु सबै करहरू दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्रदाताले तोकिएको वस्तु वा सेवाको आपूर्ति, आपूर्ति गर्ने अवधि, शर्तहरु आदिको पूर्ण विवरण जानी बुझी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपाल, सि. बा. म. अस्पतालले बोलपत्र/दरभाऊपत्रदाताले पेश गरेको वस्तु वा सेवाको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिए बमोजिमको गुणस्तरीय वस्तु आपूर्ति गर्न नसकेमा समेत बैक ग्यारेन्टी जफत गर्न सकिनेछ ।
6. बोलपत्र/दरभाऊपत्र प्रस्ताव पेश गर्दा शिलबन्दी खामको भित्र अध्यावधिक, कम्पनि/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा स्वघोषणा पत्र, यो सूचना र यसमा भएका शर्तहरु स्वीकार गरिएको पत्र वा यसैको अन्तमा रहेको (उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौ) भन्ने स्थानमा सहि छाप, बोलपत्रका प्रत्येक पानामा सहि छाप अनिवार्य गरिएको हुनु पर्नेछ । अन्यथा त्यस्ता बोलपत्रलाई रद्ध भएको मानि यस प्रक्रियामा समाबेश गरिने छैन ।
7. कम्पनीको तर्फबाट दस्तखत गर्ने प्रतिनिधिको अख्तियारि पत्र, कम्पनि/फर्मको सम्क्षिप्त परिचय तथा कार्यानुभवको प्रतिलिपि, कम्पनि/उत्पादकले दिएको वस्तु/सेवा खरिद/बिक्रि सम्बन्धी आधिकारिकताको प्रमाण पत्रको प्रतिलिपि, उपकरण हरुको हकमा पूर्ण विवरण सहितको क्याटलग, गुणस्तर प्रमाणित प्रमाण-पत्र आदि आवश्यक र सम्बन्धित कागजात संलग्न गर्नुपर्नेछ । साथै आवश्यक परेमा अन्य कागजात समेत माग गर्न सकिनेछ ।
8. फार्मेसीको सामान खरिद गर्नका लागी बोलपत्र/दरभाउपत्र फाराम तयार गर्दा, वर्ग(औषधि, औषधिजन्य र विविध), समुह (औषधिका बिभिन्न ग्रुपहरु) र उपसमुह(अन्तर्राष्ट्रिय र राष्ट्रिय उत्पादनहरु)मा बिभाजन गरिएको छ । बोलपत्रदाताले एउटै समुह र उपसमुहका अलग अलग उत्पादक भएका वस्तुको दरभाउ पेश गर्न सक्नेछन । त्यस्तो अवस्थामा बोलपत्र / दरभाऊ पत्रको साथमा बिड वण्ड बनाउँदा, आफुले दरभाउ पेश गर्न चाहेको उत्पादन मध्ये सबैभन्दा धैरै मूल्य हुन आउने उत्पादनलाई कबोल गरिएको मूल्यको भ्याट समेतले हुन आउने रकमको २.५% बराबर बनाउनु पर्नेछ ।
9. अस्पतालले गठन गरेको प्राविधिक टोलीले उपभोक्ताको रुची, प्रभावकारिता र सम्बन्धित चिकित्सकको राय सुझावको आधारमा उत्पादक सिफारिस गरे बमोजिम उत्पादक तोक्न सकिनेछ । एउटै प्रकारका औषधी वा औषधिजन्य बस्तु फरक फरक उत्पादक भएको हकमा फरक मूल्यमा खरिद गर्न सकिनेछ ।

AMDA-Nepal
ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA
FOUNDED 1984
BETTER QUALITY OF LIFE FOR BETTER FUTURE
SIDDHARTHA CHILDREN & WOMEN HOSPITAL
ESTD-1998

10. बोलपत्र/दरभाऊपत्रमा संसोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल, सि.बा.म. अस्पतालले संसोधन गर्न सक्नेछ । अन्य शर्त तथा कार्य विवरण बोलपत्र/दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ । रितपूर्वक प्राप्त नभएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

11. शिलबन्दी बोलपत्र/दरभाऊपत्रहरु मिति २०८३/०२/२२ गते बिहान ११:०० बजे बोलपत्र/दरभाऊपत्रदाताहरु वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपाल सि.बा.म.अस्पतालको कार्यालय बुटवलमा खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन सोहि समय र स्थानमा खोलिनेछ । बोलपत्र/दरभाऊपत्रदाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाऊपत्र खोल्न बाधा पुग्ने छैन ।

12. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको प्रस्ताव मध्ये कुनै एक वा सम्पूर्ण सरसामान /सेवा समेत कुनै छनौट गर्न सक्ने छ । अस्पताललाई उल्लेखित कुनै वस्तु वा सेवा आवश्यक नलागेमा आंशिक वा पुर्णरुपले खरिद नगर्ने निर्णय गर्न सक्नेछ ।

13. खरिद सम्झौता वि. सं.२०८४ असार मसान्तसम्मको लागि मान्य हुने गरि गरिनेछ । सम्झौता आवधिभर दरभाउ पत्रमा उल्लेखित प्रस्तावको दर तथा विवरण परिवर्तन हुनेछैन । कुनैपनि औषधि, औषधिजन्य वस्तु वा विविध वस्तुमा नेपाल सरकारले तय गर्ने भ्याट लाग्ने/नलाग्ने वस्तुको वर्गीकरणमा परिवर्तन भएको अवस्थामा वा अन्य उचित कारण भई लिखित निबेदन प्राप्त भएको अवस्थामा अध्ययन गरि आपसी समझदारीमा उपर्युक्त परिवर्तनको अनुपातमा फरक नपर्ने गरि दर समायोजन गर्न सकिनेछ ।

14. छनौट भएको बोलपत्र/दरभाउपत्रदाता अर्थात् आपूर्तिकर्ता र आम्दा नेपाल, सि. बा. म. अस्पताल बिच सझौता संम्पन्न भएपछि सि. बा. म. अस्पतालले आवश्यकता अनुसारले सम्झौता अवधिभर खरिद आदेश जारि गर्न सक्नेछ । खरिद आदेश बमोजिम तोकिएको स्थान (अस्पताल) सम्म, तोकिएको समय सिमा वा १० दिन भित्र, तोकिए बमोजिमका सम्पूर्ण बस्तु तथा सेवा बुझाई सक्नु पर्नेछ । तोकिएको समय सिमा भित्र खरिद आदेश बमोजिमको उपर्युक्त वस्तु तथा सेवा बुझाउन नसकेमा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट असुल उपर गरि सम्झौता भंग गर्न सकिनेछ । अस्पतालको आवश्यकता अनुसार एकै पटक वा एक महिना देखि तीन महिनाकोलागी पुग्ने गरि पटकपटक खरिद आदेश जारि गर्न सक्नेछ ।

15. आयु तोकिएको वस्तु, सेवा वा सरसामानहरुको हकमा, आम्दा नेपालले सि. बा. म. अस्पतालले सो वस्तु, सेवा वा सरसामानहरु प्राप्त गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा ७० प्रतिसत बाँकी रहेको हुनुपर्नेछ ।

16. आम्दा नेपाल, सि. बा. म. अस्पताललाई आपूर्ति गर्ने वस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिंग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त सरसामान स्वीकार गरिने छैन । आम्दा नेपाल, सि. बा. म. अस्पतालले आपूर्तिकर्ताबाट प्राप्त सरसामानहरुको परिक्षण नगर्दासम्म सरसामानहरुको क्षति हुन पुगेमा सो को जिम्मेवारी आपूर्तिकर्ताले लिनु पर्नेछ ।

17. आपूर्तिकर्ताले खरिद आदेश, दरभाऊ पत्र र सम्झौता पत्रमा तोके बमोजिमको विवरण अनुसारका वस्तु आपूर्ति नगरेको खण्डमा उक्त बस्तु, सेवा वा सरसामानहरु स्वीकार हुने छैन । उपरोक्त काममा हुने समयको अनावश्यक खर्चको सोधभर्नाका लागि आम्दा नेपालले तोकेको जरिवाना गर्न सक्नेछ । जरिवाना रकम नगद वा परफरमेन्स वण्डबाट असुल उपर गर्न सकिनेछ ।

18. आम्दा नेपाल, सि. बा. म. अस्पतालले तोकेको समय भित्र तोकिएको बस्तु, सेवा वा सरसामानहरु आपुर्तिकर्ताले बुझाउन नसकेमा आम्दा नेपाल, सि. बा. म. अस्पतालले अन्य आपूर्तिकर्ता सँग उक्त बस्तु, सेवा वा सरसामानहरु खरिद गर्न सक्नेछ । अस्पतालले अन्य आपूर्तिकर्ता सँग खरिद गरेको वस्तु वा सेवाको सम्पूर्ण

AMDA-Nepal
THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA
BETTER QUALITY OF LIFE FOR BETTER FUTURE
SIDDHARTHA CHILDREN & WOMEN HOSPITAL
BUTWAL-9, ESTD-1998

मुल्यको जरिवाना आम्दा नेपालले तोके बमोजिम बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) जफत गरि असुलउपर गर्नुका साथै भएको सम्झौता भङ्ग गर्न सक्नेछ।

19. आम्दा नेपाल, सि. बा. म. अस्पतालले जारि गरेको खरिद आदेश बमोजिम सम्पूर्ण बस्तु, सेवा तथा सरसामानहरु तोकिएको स्थानमा बुझाई सके पश्चात सोको परिक्षण पछी मात्र नेपाली मुद्रामा (A/c payee) चेक मार्फत भुक्तानी गरिनेछ। नेपाल सरकारको प्रचलित नियमानुसार अग्रिम कर (TDS) कट्टी गरि भुक्तानी गरिनेछ।
20. सम्झौता सम्पन्न गर्दा तोकिएको वस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग बोलपत्र साथ पेश गरे बमोजिम आपुर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ।
21. बोलपत्र/दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार पूर्णरुपमा आम्दा नेपाल, सि. बा. म. अस्पतालमा सुरक्षित् रहनेछ।

बोलपत्र/दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क राख्ने ठेगाना**

कार्यालयको नाम: आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल

ठेगाना: बुटवल-७, दीपनगर, रुपन्देही।

फोन नं. ०७१-५०२०९७, ५०२१०१

ईमेल ठेगाना: scwh.butwal@amda.org.np URL: www.amda.org.np

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौ।

संस्थापक वा आधिकारिक पदाधिकारीको नाम: ..............................................................................................

हस्ताक्षर: ...........................................................................................

मिति: ..................................................................................................

फर्म/कम्पनीको छाप:

AMDA-Nepal
THE ASSOCIATION OF MEDICAL DOCTORS OF ASIA
FOUNDED 1984
BETTER QUALITY OF LIFE FOR BETTER FUTURE
SIDDHARTHA CHILDREN & WOMEN HOSPITAL
BUTWAL ESTD-1998

मिति:...............................

श्रीमान मेडिकल सुपरिन्टेन्डेन्ट ज्यू,

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल-७, रुपन्देही

**विषय: स्व-घोषणा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा, त्यस अस्पतालबाट आव्हान भएको मिति २०८३/०२/०७ गते प्रकाशित सूचना नं. ७४४/२०८२_८३ मा उल्लेख भए बमोजिमका सर्जिकल तथा ल्याबमा प्रयोगहुने सामाग्रीहरु सप्लाई गर्ने प्रयोजनका लागि म / मेरो फर्म / संस्था / कम्पनीको आधिकारिक प्रतिनिधिको हैसियतमा निम्न लिखित व्यहोरा घोषणा गर्दछु ।

१. प्रस्तावित खरिद कारवाहीमा भाग लिन रोक लागेको वा कालोसूचीमा परी अयोग्य भएको छैन ।
२. प्रस्तावित खरिद कारवाहीमा कुनै किसिमबाट स्वार्थ बाझिने अवस्था विद्दमान छैन ।
३. सार्वजनिक खरिद कारवाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा सजाय भएको छैन ।
४. घोषणा गरेको सम्पूर्ण कुराहरु सत्य हुन झुटो ठहरिएमा संस्थाको नियमावली एवं कानून अनुसार सहुला बुझाउँला ।

भवदीय

........................................................

........................................................

................................................

AMDA-Nepal